

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २३ गते शनिबार ❑ 9 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## तीनै तहका कर्मचारीले पाउने सुविधा समान हुनुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्थानीय, प्रदेश र सङ्घ सरकारका कर्मचारीले समान सुविधा पाउनुपर्ने बताउनुभएको छ ।

निजामती सेवा दिवस २०८० को अवसरमा शुक्रबार पोखरामा आयोजित मूल समारोहमा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले तीनै तहका कर्मचारीले पाउने सेवा, सुविधा र वृत्तिविकास एकै किसिमको हुनुपर्नेमा जोड दिनुभयो । "यदि कोही स्थानीय तहबाट प्रदेश सरकार आउन चाहन्छ र प्रदेश सरकारबाट सङ्घीय सरकारमा जान चाहन्छ भने त्यसको बाटो र वृत्तिविकासका आधार सामान हुनुपर्छ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "कर्मचारीको सेवा र सुविधा समान हुनुपर्छ भन्ने कुरामा साथ दिन म तयार छु ।" सरकारको सफलता/असफलतामाकर्मचारीको पनि जनप्रतिनिधि जतिकै समान भूमिका हुने उहाँले बताउनुभयो ।

राजनैतिक दलका आधारमा पक्षपात नगरी सेवा प्रवाहलाई सरल, सहज र चुस्त, दुरुस्त बनाउनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री पाण्डेले जनतालाई केन्द्रमा राखेर काम गर्न कर्मचारीलाई निर्देशन दिनुभयो ।

संघ सरकारले बिहीबार मन्त्रिपरिषद्बाट संघीय निजामती सेवा ऐन पास गरी सदनमा पेश गर्ने गरी अगाडि बढाएको उल्लेख गर्दै उहाँले ऐनलाई सकरात्मक बनाउन प्रदेश सरकारले सहयोग गर्ने बताउनुभयो ।

यसैगरी सो अवसरमा मुख्यमन्त्री पाण्डेले पूर्व कर्मचारी परिषद् कास्कीबाट प्रकाशित गोधूलीको सन्देश अठारौं अंक विमोचन गरिएको थियो ।

## पोखरामा शनिबार भुटानको ड्रुक एयर आउने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

पोखरामा शनिबार भुटानको ड्रुक एयरले भुटानबाट सिधा हवाई उडान गर्ने भएको छ। ड्रुकले ९ सेप्टेम्बर (२३ भदौ) का दिन पारोबाट पोखरा उडान गर्न अनुमति प्राप्त गरेसंगै शनिबार बिहान पर्यटक सहित भुटानको ड्रुक एयर पोखरा आउने भएको हो ।

ड्रुकको न्यारोबडी जहाजले उडान गर्ने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । भुटानको अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सिधा उडान गर्ने भएसंगै भोलि पोखरा आउने र पोखराबाट भुटान जाने पर्यटकहरुलाई विमानस्थलमा स्वागत तथा बिधाई कार्यक्रम रहेको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । नयाँ विमानस्थलमा उडान सुरु हुन केही समय लाग्ने भएको अबस्थामा चाट्र्डै भए पनि यसले निरन्तरता पाएकोले सकरात्मक सन्देस दिएको अध्यक्ष श्रेष्ठले बताए । उहाँले भन्नु भयो "पोखरामा ड्रुक एयर आउने सुखदः विषय हो, यसले आगामी दिनमा थप जहाजहरू आउने बाटो खुल्ने छ, जसरी चिनले यसको सुरुवात गर्‍यो अब भुटानसंगै अन्य देशबाट पनि यस्तो अभियान आवश्यक छ ।' यसअघि चीनको छेन्दुकबाट आएको सिचुआन एयरलाइन्सको विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो । ड्रागन बोर्ट प्रतियोगितामा सहभागि खेलाडी तथा अफिसियल सहितको टोली चार्टर मार्फत पोखरामा पहिलो अन्तराष्ट्रिय उडान भए पछि हाल भुटानबाट दोश्रो पटक पनि चाटर्ड हवाई उडान नै हुने भएको हो ।

चार्टर्ड उडानको रिपोर्टका आधारमा ड्रुकले भुटानबाट नियमित उडानको समेत आश्वासन दिएको प्राधिकरणले जनाएको छ। अंग्रेजी नयाँ वर्षको अवसरमा १ जनवरी २०२३ का दिन उद्घाटन भएको यो विमानस्थलमा अहिलेसम्म अन्तर्राष्ट्रिय व्यावसायिक एउटा चार्टर्ड उडान मात्र भएको छ । करिब २३ अर्ब ऋण लगानी भएको विमानस्थलबाट अन्तराष्ट्रिय हवाई उडान गर्न नसके पोखरेली र नेपाललाई नै यसले आर्थिक रुपमा ठुलो असर पार्ने पोखरेलीहरुले गुनासो गर्दै आउनु भएको छ।

## भारतीय सहरमा पोखरा-नेपाल पर्यटन प्रवर्द्धन अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं




नेपालसँग सिमाना जोडिएका भारतीय सहरमा पोखराको पर्यटन प्रवर्द्धनका लागि भोलिदेखि प्रवर्द्धनात्मक अभियान सञ्चालन हुने भएको छ ।

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स( नाट्टा) गण्डकी प्रदेशले भारतको सिलगुढीमा 'बङ्गाल ट्राभल मार्ट' को अवसर पारेर भदौ २५ गतेसम्म यहाँका पर्यटन व्यवसायीबाट पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिने आज साँझ पोखरामा पत्रकार सम्मेलन आयोजना गरी जानकारी दिएको हो । नाट्टाका अध्यक्ष हरिराम अधिकारीले पोखरा र नेपालको लागि पर्यटकको स्रोत बजारका बनेको नेपालसँग सिमाना जोडिएका भारतका सहरमा प्रवर्द्धन अभियान सञ्चालन हुने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको राजनीतिक घटनाक्रम र विभिन्न प्राकृतिक प्रकोपका कारण अहिले पोखराको पर्यटन सुस्ताइरहेको छ। यस्तो अवस्थामा भारतीय बजारमा बोर्डर सिटी प्रमोसनल अभियान अत्यन्त महत्वपूर्ण बन्ने विश्वास लिएका छौँ । यसबाट भारतका सहरबाट पर्यटक आगमन बढाउन मद्दत पुग्नेछ ।" नाट्टाले गत वैशाखमा पनि भारतको पटना, वाराणासी, अयोध्या र गोरखपुरमा प्रवर्द्धन अभियान र 'बीटुबी मिट' आयोजना गरेको थियो ।

त्यस बेलाको अभियानले पोखरामा भारतीय पर्यटकको सङ्ख्या बढाउन योगदान गरेको व्यवसायीको भनाइ छ । भारतको सिलगुढीमा हुने 'बङ्गाल ट्राभल मार्ट' मा भारतका विभिन्न सहर, बङ्गलादेश र भुटानको पाँच सयभन्दा बढी टुर अपरेटरको सहभागिता र एक हजारभन्दा बढी भिजिटरको आगमनले पोखरा, गण्डकी प्रदेशसहित समग्र नेपालको प्रवर्द्धनमा सघाउ पुग्ने बताइन्छ । "बङ्गाल ट्राभल मार्ट' मा धेरै देशका ट्राभलको सहभागिता रहने भएकाले हामी उहाँहरुलाई पोखरा घुम्न आउनका लागि सकारात्मक सन्देश दिन्छौं र यहाँको सडक, हवाईयात्रा लगायतका बारेमा रहेको नकारात्मक कुरा चिर्छौं", अध्यक्ष अधिकारीले भन्नुभयो । मार्टमा नाट्टा गण्डकीको समन्वय र पोखरा महानगरपालिकाको सहकार्यमा राखिने स्टलमा बीटुबी छलफल हुनेछ। पोखराको कला र संस्कृति झल्कने गरी सजाइने सो स्टलमा पोखराको वृत्तचित्र निरन्तर प्रदर्शन गरिने र अन्य प्रवर्द्धनात्मक सामग्री प्रदर्शन र वितरण गरिने नाट्टाका निर्वतमान अध्यक्षसमेत रहनुभएका पोखरा पर्यटन परिषद् का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । पोखरामा अन्तर ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र हवाई र स्थलमार्गबाट पुग्न सकिने नजिकको पर्यटकीय गन्तव्य भएकाले पोखरा सबै मौसमका लागि घुम्न उपयुक्त भएको विषय आगन्तुकलाई अवगत गराइने नाट्टाले जनाएको छ।

पोखरा महानगरका प्रवक्ता मोतिराज तिमिल्सिनाले पोखराको समृद्धि पर्यटन क्षेत्रको विकासबाट मात्र सम्भव भएकाले प्रवर्द्धनात्मक कार्यक्रमलाई महानगरले जोड दिएको बताउनुभयो । उहाँले यस अभियानलाई महानगरको तर्फबाट रु १० लाख सहयोग गरिएको जानकारी दिनुभयो । बोर्डर सिटी प्रमोसनल अभियानमा पर्यटन व्यवसायी, सञ्चारकर्मी लगायत गरी १३ जनाको सहभागिता रहने बताइन्छ।

## पोखरामा बालन नाच देखाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं




पोखरामा श्रीकृष्ण लिला (बालन नाच) प्रदर्शन गरिएको छ । हराउदै गइरहेको नाचको संरक्षण गर्ने उद्धेश्यले पोखरा सभागृह हलमा भव्य कार्यक्रम आयोजना गरेर बालन नाच प्रदर्शन गरिएको हो ।

भजन चुड्का संरक्षण प्रतिष्ठानको आयोजनामा भएको यो कार्यक्रममा बालन नाच कला प्रतिष्ठानका ६० जना कलाकारले प्रस्तुती राखेको आयोजक संस्थाका अध्यक्ष कृष्णप्रसाद गौतमले बताए ।

प्रवेश निःशुल्क रहेको यो कार्यक्रम हेर्न उल्लेख्य संख्यामा दर्शक सभागृह हलमा पुगेका थिए। भगवान् कृष्णको जन्मदेखि राक्षस कंसको अन्त्यसम्मको कथा कार्यक्रममा प्रस्तुत गर्दा दर्शकले श्रीकृष्ण लिलाको बारेमा नजिकबाट बुझ्न पाएको आयोजकको दावी छ । यसले नयाँ पुस्तामा संस्कृति हस्तान्तरण सहयोग मिल्ने उनीहरुको भनाई छ । लगातार ४ घण्टासम्म सञ्चालन भएको कार्यक्रम हेर्न पुगेकी गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिम्खडादेखि प्रदेश सभा सदस्य प्रकाश बराल, गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, पोखरा प्रज्ञा-प्रतिष्ठानका कार्यवहाक कुलपति जीवन दाहाल, विश्व हिन्दू परिषद केन्द्रीय महासचिव जीतेन्द्र सिंह समेतकाले धर्म संस्कृतिको संरक्षणमा कार्यक्रमले योगदान दिएको भन्दै कार्यक्रमको प्रशंसा गरें ।

कार्यक्रममा अग्रज गायिका सत्यदेवी बराललाई सम्मान समेत गरियो। कार्यक्रम संयोजक किरण दाहालको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन कृष्ण प्रसाद गौतमले गरेका थिए । श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर आयोजना भएको कार्यक्रमको लागि गण्डकी प्रज्ञा-प्रतिष्ठान र पोखरा प्रज्ञा-प्रतिष्ठानले सहयोग गरेको आयोजक संस्थाका अध्यक्ष गौतमले खुलाए ।


## बाढीपहिरोबाट जोगिऔं

**जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः**

- ◆वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- ◆पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- ◆बस्ती तथा समुदायको रक्षा गरौं ।
- ◆बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- ◆घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं ।

*बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## गौरवको आयोजनामै ढिलासुस्ती

**रासस**
पोखरा, २२ भदौं

मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत कास्कीको हरिचोक-याम्दी सडक निर्माणमा ढिलाइ हुँदा यात्रुले सास्ती खेप्नुपरेको छ। कमसल सडकका कारण बर्सात् मा हिलो र हिउँदमा धुलो छिचोल्दै हिँड्नुपर्ने बाध्यता छ।

पोखरा-बागलुङ चल्ने जीपका चालक लक्ष्मण क्षेत्रीले बर्खामास जहीँतहीँ परेका खाल्डाखुल्डीले झन समस्या थपेको बताउनुभयो । "एकातिर गाडी चाँडै बिग्रिने, अर्कोतिर यात्रुलाई सकस", उहाँले भन्नुभयो, "दुवैतर्फ चार लेन कालोपत्र सडक छ, बीचको बाटो किन बनेन अचम्म छ ।" क्षेत्रीले एक वर्षदेखि सडकको हालत उही रहेको बताउनुभयो । ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम समेत नभएकामा उहाँले दुःखेसो पोख्नुभयो। सोही सडकका कारण पोखरासम्मको यात्रा झन्झटिलो र लामो बनेको यात्रुको गुनासो छ। पोखराको जिरो किमीदेखि हरिचोक र याम्दीदेखि फेँदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो । बीचको झण्डै दुई हजार दुई सय मिटर सडक विस्तार र कालोपत्र गर्न बाँकी रहेको लोकमार्ग आयोजना कार्यालय, पर्वतले जनाएको छ। केही ठाउँमा नाला निर्माण र पर्खाल चिन्ने काम भए पनि सडकको भौतिक प्रगति न्यून छ । आयोजना प्रमुख कल्पना अधिकारीले सोचे जसरी निर्माण कम्पनीले काम नगरेको बताउनुभयो । "ठेक्का अवधि अझै एक वर्ष बाँकी छ तर अहिले भइरहेको काम सन्तोषजनक छैन", उहाँले भन्नुभयो, "कामलाई गति दिन निर्माण व्यवसायीलाई पटक-पटक ताकेका गर्दैआएका छौं, केही दिनमा मुख्य ठेकेदारलाई नै


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# साक्षरता दिवसमा वालिङमा 'पढाई मेला'

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २२ भदौं

पछिल्लो समय पढाईमा देखिएको अवरोधलाई हटाई विद्यार्थीहरुमा पढ्ने वानीको विकास गराउन वालिङमा पढाई मेलाको आयोजना गरिएको छ। ५७ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसर पारेर वालिङमा पढाई मेला गरिएको हो।



रुम टु रिड, पढ्नको लागि कोठा र सूर्योदय क्लवको आयोजनामा गरिएको मेलामा विद्यार्थीहरुको उत्साहजनक सहभागिता रहेको थियो। पछिल्लो समय विद्यार्थीहरुले पुस्तक पढ्ने तर्फ ध्यान नरहेको रुम टु रिडका अधिकृत ओमकुमार श्रेष्ठले बताए। 'पछिल्लो समय मावाईलमा विद्यार्थीहरुको ध्यान धेरै गईरहेको छ, उनले भने,'जसले विभिन्न प्रकृतिका पुस्तकहरुको ज्ञान लिनबाट बन्चित गराएको छ।' रोचक कथाहरु समेटिएका पुस्तकहरु प्रति मेलामा आएका विद्यार्थीको ध्यान धेरै गएको पाईयो अधिकृत श्रेष्ठले भने। सानै उमेरदेखि बालबालिकालाई विभिन्न प्रकृतिका पुस्तकहरु पढ्ने वानी बसाल्नु पर्ने भन्दै श्रेष्ठले अभिभावक तथा शिक्षकहरुले विद्यार्थीलाई वाह्य ज्ञानको लागि सहयोग हुने गरी पढाउनु पर्ने सुझाब दिएका छन्। पढाई मेलामा आठ सय भन्दा धेरै विद्यार्थीहरु तथा सय भन्दा धेरे अभिभावकहरुले भ्रमण गरेको सूर्योदय क्लवका कार्यक्रम संयोजक आशिस न्यौपानेले जानकारी दिए। विद्यार्थीहरुलाई रोचक कथा तथा विभिन्न जानकारी समेटिएका पुस्तकहरु निशुल्क वितरण गरिएको न्यौपानेले बताए।

संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक वर्ष सेप्टेम्बर ८ तारिखका दिन साक्षरता दिवस मनाउने गरिन्छ। 'दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन' भन्ने नाराका साथ स्याङ्जाका ११ वटै पालिकामा यो दिवस मनाइएको छ। जिल्लाका प्राय सवै विद्यालयले दिवसका अवसरमा विभिन्न कार्यक्रम गरेको जनाएकाछन्।

रुम टु रिडले जिल्लाका एक सय ३५ विद्यालयमा साक्षरता सम्बन्धि विभिन्न कार्यक्रम गर्दै आएको अधिकृत श्रेष्ठले बताए। रुम टु रिड संचालनमा आएपछि विद्यार्थीमा पढाईको विकास र शिक्षकको क्षमता विकास भएको राष्ट्रिय माध्यमिक विद्यालयकी शिक्षिक सिता सिग्देल अर्याललले बताईन्। 'यो कार्यक्रम लागु भएपछि विद्यार्थीमा पढाईको कला र रुची फेरिएको छ' उनले भनिन्, 'यो प्रणालीले सामुदायिक विद्यालयमा पढ्न आउने विद्यार्थीको संख्य बढ्न सक्छ।' विद्यार्थीको पढाईमा रुची बढाउने यस्ता कार्यक्रमहरुको निरन्तरताको आवश्यकता छ उनले भनिन्।

# ज्योतिष विषयको कृति 'ज्योतिः शतकम्' विमोचन

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



ज्योतिर्विद् एवं कवि पिताम्बर पौड्यालको ज्योतिःशतकम् शुक्रबारदेखि बजारमा आएको छ। लेखनाथ उद्योग वाणिज्य सङ्घको २७औँ वार्षिक साधारणसभा तथा १४औं अधिवेशन उद्घाटन समारोहमा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ र प्रतिनिधिसभा सदस्य मनबहादुर गुरुङले संयुक्त रूपमा पुस्तक विमोचन गर्नुभएको हो।

पोखरा महानगरपालिका-३३ शिवबस्ती निवासी पौड्यालको पुस्तकमा ज्योतिष विषयका विविध पक्षलाई समेट्ने प्रयास गरिएको छ। विभिन्न पाँच पल्लवमा विभाजित पुस्तक छन्दोबद्धः संस्कृत तथा नेपाली रचनामा ज्योतिषीय विश्लेषणसँगै संस्कृतमा उल्लिखित श्लोकलाई नेपालीमा अनुवाद गरी सरल र जो कोहीले बुझ्ने गरी प्रस्तुत गरिएको छ। छयत्तर पृष्ठको पुस्तकको प्रथम पल्लवमा नक्षत्र एवम् राशिबारे उल्लेख गर्दै पञ्चाङ्ग र ज्योतिषबारे विश्लेषण गरिएको छ। दोस्रो पल्लवमा ग्रह विश्लेषण, तेस्रो पल्लवमा षड्वर्ग विश्लेषण छ। चौथो पल्लवमा सङ्क्षिप्त फलादेश, लग्नादी बाह्र भावबाट प्रश्नावलोकन, भावेश फल, विभिन्न भावस्थित व्ययेश फल, उच्च नीच ग्रह फल र व्याधी मृत्युबारे चर्चा छ। पाँचौं पल्लवमा सङ्क्षिप्त राशिफल, वैदिक सम्पदा र नीति श्लोक उल्लेख गरिएको छ।

पौड्यालका ज्योतिषसम्बन्धी विभिन्न लेखरचना (२०७२), फलित पञ्चामृतम् पहिलो संस्करण (२०७३), दोस्रो संस्करण (२०७४) र तेस्रो संस्करण (२०७६) प्रकाशित भइसकेका छन्।

# विपी स्मृति पुस्तकालय गण्डकी प्रदेशले सम्मान गर्दै

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



नेपाली काँग्रेस गण्डकी प्रदेश समिति अन्तर्गत विपी स्मृति पुस्तकालयले प्रदेश भित्रका ११ जनालाई सम्मान गर्ने भएको छ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा विशिष्ट योगदान गर्ने प्रदेश अन्तर्गतका प्रत्येक जिल्लाबाट एक/एक जनालाई सम्मान गर्न लागिएको पुस्तकालयका कोषाध्यक्ष एवम् नेपाली काँग्रेस गण्डकी प्रदेश प्रचारप्रसार विभाग उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मानित हुनेमा मुस्ताङबाट सुवर्ण विष्ट, म्याग्दीबाट अजय मिलन श्रेष्ठ, बाग्लुङबाट कुलराज गौतम, कास्कीबाट नन्दादेवी गुरुङ, स्याङजाबाट खगेन्द्रराज रेग्मी, नवलपुरबाट दुलारे महतो, गोरखाबाट चन्द्र प्रकाश न्यौपाने, मनाङबाट कोमल घले, लम्जुङबाट पृथ्वीलाल गुरुङ र तनहुँबाट जीवन ध्वज गुरुङ हुनुहुन्छ।

उहाँहरूले राष्ट्रियता, प्रजातन्त्र र समाजवादका लागि पुऱ्याउनुभएको योगदानको कदर गर्दै सम्मान गर्न लागिएको हो। आगामी भदौ २४ गते ११० औं विपी जयन्तीको अवसरमा कार्यक्रम गर्न लागिएको पुस्तकालयका अध्यक्ष एवम् नेपाली काँग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)ले जानकारी दिनुभयो। पोखराको वास्तोलाथरस्थित पोखरा पार्टी प्यालेसमा हुने कार्यक्रमको नेपाली काँग्रेसका प्रवक्ता एवम् अर्थमन्त्री डा.प्रकाशशरण महतले उद्घाटन गर्नुहुने उहाँले बताउनुभयो। कार्यक्रममा विपीका योगदानबारे वक्ताहरूले चर्चा गर्नुहुने छ। कार्यक्रममा गण्डकीका ११ वटै जिल्लाबाट सहभागी हुने जनाइएको छ।

# 'लिटिल स्टेप ११ औँ ह्याण्डबल टुर्नामेन्ट २०८० सम्पन्न'

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



लिटिल स्टेप माध्यमिक विद्यालयको आयोजना एवम् पोखरा लिङ्कन इन्टरनेशनल कलेजको संयोजनमा अन्तर विद्यालयस्तरीय प्रतियोगिता अन्तर्गत ११औं अण्डर- १२ ब्वायज एण्ड गर्ल्स ह्याण्डबल टुर्नामेन्ट २०८० फाइनल चरणका खेलसहित आयोजित समापन समारोहका बिच सम्पन्न भयो।

उक्त समारोहमा संस्थापक-अध्यक्ष सभापति एवम् गण्डकी प्रदेश, जनपद प्रहरी कार्यालय पोखराका प्रहरी नायब महानिरीक्षक श्रद्धेय बुद्धिराज गुरुङ प्रमुख अतिथि रहनुभएको थियो। प्रमुख अतिथि बुद्धिराज गुरुङले बालबालिकालाई लक्षित गरी यस्तो टुर्नामेन्ट आयोजना गरेकोमा विद्यालय आयोजक विद्यालयको प्रशंसा गर्नुभयो। त्यस्तै समारोहका सभापति संस्थापक अध्यक्ष शेरबहादुर गुरुङले आजसम्मका एघारौँसम्मका टुर्नामेन्ट सफल तुल्याउन प्रत्यक्ष परोक्ष सहयोग गर्नुहुने प्रायोजक, शुभचिन्तक, मिडियाकर्मी, सुरक्षाकर्मी, शिक्षक, अभिभावक, विद्यार्थी गण सबैलाई धन्यवाद् ज्ञापन गर्दै यो टुर्नामेन्टले भविष्यमा पनि निरन्तरता पाइरहने भनाइ व्यक्त गर्नुभयो। समारोहमा स्वागत मन्तव्य विद्यालय संयोजक विनोद गिरीले दिनुभएको थियो भने विद्यालय सञ्चालक समिति सदस्य भीमनाथ बराल एवम् नगर शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख लोकनाथ आचार्यले व्यक्त गर्नुभएको थियो।

उक्त टुर्नामेन्टमा प्रथम स्थान हासिल गर्ने छात्रतर्फ पोखरा एकेडेमी लाई र छात्रातर्फ हिमालयन बोडिङ्ग स्कूल लाई नगद रु.८०००/- सहित ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरियो भने द्वितीय स्थान हासिल गर्ने छात्रतर्फ सिर्जना सेकेन्डरी स्कूल लाई एवम् छात्रातर्फ गण्डकी बोडिङ्ग स्कूल लाई नगद रु.७०००/- सहित ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरियो। त्यस्तै तृतीय स्थान हासिल गर्ने छात्रतर्फ निलगिरी बोडिङ्ग स्कुल लाई र छात्रातर्फ सरस्वती आदर्श विद्याश्रम लाई नगद रु.६०००/- सहित ट्रफी, मेडल र प्रमाणपत्रले पुरस्कृत गरियो।

त्यसैगरी सर्वाधिक गोलकर्ता अन्तर्गत छात्रतर्फ पोखरा एकेडेमीका असार कुमाल र छात्रातर्फ हिमालयन बोडिङ्ग स्कूलकी सिमाना सुवेदी नगद रु.१०००/- सहित पुरस्कृत भए भने फेयर प्लेमा छात्रतर्फ गण्डकी बोडिङ्ग स्कूल र छात्रातर्फ लिटिल स्टेप मा.वि.नगद रु.१०००/- सहित पुरस्कृत भए। उत्कृष्ट खेलाडी पुरस्कार छात्रतर्फ पोखरा एकेडेमीका सुदिप सिरपाली र छात्रातर्फ गण्डकी बोडिङ्ग स्कूलकी ऋषा गुरुङ नगद रु.१०००/- सहित पुरस्कृत भए। सो टुर्नामेन्टमा अफिसियल टिमलाई मायाको चिनो समेत प्रदान गरिएको थियो। समारोहको उद्घोषण मा.वि. संयोजक ताराप्रसाद सुवेदी, शिक्षक चित्रबहादुर अधिकारी एवम् द्यद्यब छात्रा सृजना क्षेत्रीले गर्नुभएको थियो।

# गौरवको....

बोलाएर छलफल गर्छौं।" बर्खायाम, भुक्तानी नपाएकोजस्ता समस्या देखाएर निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेको आयोजना प्रमुख अधिकारीले बताउनुभयो। गत वर्ष साउनमा काठमाडौंको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले निर्माणको जिम्मा पाएको थियो। पच्चीस मिटर चौडा चार लेनको उक्त सडक दुई वर्षभित्र सक्नुपर्ने सम्झौता छ। अब पनि कामले गति नलिए आउँदो साउनभित्र सडक कालोपत्र हुन मुस्किल पर्ने बताइएको छ। कतिपय ठाउँमा सडक विस्तारदेखि कालोपत्रका लागि पूर्वाधार तयारीका काम गर्न बाँकी छ। वर्षौदिन बितिसक्दा कामको प्रगति चित्तबुझ्दो नभएको आयोजना कार्यालययले जनाएको छ। प्रदेश राजधानी पोखरा छिर्ने मुख्य सडकको दूरावस्थाप्रति जनगुनासो पनि बढ्दै गएको छ। पश्चिमतर्फ पर्वत, बागलुङ, रुकुम पूर्वलगायतका जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउजाउ गर्छन्। सडक कालोपत्र नहुँदा धुलो र हिलोको समस्याले स्थानीयवासी आजित छन्। व्यापारमा पनि असर पुगेको छ। सडक साँघुरो र अस्तव्यस्त हुँदा सवारी जामको समस्या उस्तै छ। दुर्घटनाको पनि जोखिम बढेको छ। नाला र सडक खनेर अलपत्र छोड्दा बर्सातमा खाल्डाखुल्डी पर्ने र पानी जम्ने समस्या भएको हो।

# पोखरामा नि:शुल्क मुटु परिक्षण

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं


पोखरामा एक दिने निःशुल्क मुटु परिक्षण गरिएको छ।

जयन्ती स्मृति प्रतिष्ठान र फिस्टेल लजको सयुक्त आयोजना तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोगमा संचालित निःशुल्क मुटु परीक्षण शनिबार पोखरामा सम्पन्न भएको हो।

शनिबार पोखरा ६ को कोमागाने पार्कमा भएको उक्त शिविरमा मुटुसम्बन्धी ईको, ईसीजी र सुगर परीक्षण गरिएको मेमोरियल ट्रस्ट पोखरा संयोजक सबिता मैनालीले बताउनु भयो।

बिहान देखि सुरु भएको शिविर बेलुका ५:०० बजेसम्म चलेको फिस्टेल लजका एसिस्टेन जिएम अनिल श्रेष्ठले बताउनु भयो।

शिविरमा करिब एक हजार जना सहभागि भएको नागरिक समाज पोखराका अगुवा रामबहादुर पौडेलले बताउनु भयो। शिविरमा पोखरा ६ सहितका पोखरा क्षेत्रका युवा देखि बृद्धबृद्धाको सहभागिता रहेको उहाँले बताउनु भयो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# प्रसारण लाइनको जग्गा अधिग्रहणमा स्थानीयवासी असन्तुष्ट

पोखरापत्र संवाददाता
दमौली, २२ भदौ

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाअन्तर्गत तनहुँमा अधिग्रहण गर्न लागिएको जग्गाको मुआब्जामा व्यास नगरपालिका–१३ का स्थानीयले विरोध जनाएका छन् । त्यस क्षेत्रका बासिन्दाले बिहीबार प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई ज्ञापनपत्र बुझाउँदै नागरिकको माग तथा गुनासो सुनुवाइ नगरी एकतर्फी रूपमा जग्गा अधिग्रहणको सूचना प्रकाशित गरिएकामा विरोध जनाएका हुन् ।

प्रसारण लाइनको टावर पर्ने भनी उल्लेख गरिएको तार मुनिका बारेमा केही नबोलिएको भन्दै प्रसारण लाइनको सर्भे गर्दादेखि नै आयोजनाबाट वैज्ञानिक रूपमा नसोचिएको बताइएको छ । केही दिनअघिको भेलाबाट स्थानीय जग्गाधनीहरूले सरोकार समितिको गठनसमेत गरेका छन् । सरोकार समितिले एमसिसी परियोजनाको जग्गा अधिग्रहणको नीतिप्रति असहमति जनाउँदै जग्गा अधिग्रहण गर्न नदिने निर्णय गरेको सरोकार समितिका संयोजक उमाकान्त रेग्मीले जानकारी दिनुभयो ।

रातमाटे–दमौली–बुटवल चार सय केभी प्रसारण लाइनमा परेका जग्गाधनीहरूसँग कुनै परामर्श नै नगरी जिल्ला प्रशासन कार्यालयले जग्गा अधिग्रहणसम्बन्धी सूचना प्रकाशन गरेकोप्रति आफूहरूको असहमति रहेको उहाँको भनाइ छ । कृषिलाई प्राथमिकता दिने भनी राज्यले नीति बनाउने भन्ने र विभिन्न बहानामा कृषियोग्य जग्गा नष्ट गर्ने काम भएको सरोकार समितिका सचिव अशोकराज पन्थले बताउनुभयो । उहाँले उचित विकल्प खोजी प्रसारण लाइन लैजानुपर्नेमा विकल्प नखोजिएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “प्रभावित कृषकको पुर्स्तौंदेखि जीविकोपार्जन गर्दै आएको पैतृक जमिन पूर्ण रूपमा नष्ट हुने हुँदा जग्गा अधिग्रहणमा हाम्रो मन्जुरी छैन ।” नेपाल सरकार, मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल) द्वारा सञ्चालित चार सय केभी विद्युत् प्रसारण आयोजनाका लागि प्रशासन कार्यालयले जग्गा अधिग्रहण प्रक्रिया सुरु गरेको थियो । त्यसका लागि जिल्ला प्रशासन कार्यालय तनहुँले यही भदौ १२ गते सूचना जारी गरेको छ । आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकामा पर्ने जग्गा तथा जग्गामा रहेका घरगोठ, टहरा, कटेरा तथा रूखबिरुवासमेत स्थायी रूपमा अधिग्रहण गर्ने गरी जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उपदफा १ को प्रयोजन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतको दाबीका लागि २१ दिने सूचना प्रकाशित गरिएको सहायक प्रजिअ काशिराम गैरेले जानकारी दिनुभयो । उक्त ऐनको दफा १० अनुसार सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सरोकारवाला व्यक्तिले प्राप्त गरिने जग्गामा कुनै घर, टहरा, रूखबिरुवा बालीनालीलगायत अन्य संरचना भए सो समेतको मुआब्जा तथा क्षतिपूर्ति दाबी गर्न हकदैया वा भोगचलनसम्बन्धी निस्सा प्रमाणसहित रितपूर्वकको निवेदन कार्यालयमा दिन आग्रह गरिएको छ । साथै जग्गा प्राप्त गर्नु नपर्ने कुनै मनासिब कारण भए त्यसको कारण खोली ऐनको दफा ११ बमोजिम सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक सात दिनभित्र कार्यालयमार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिने सहायक प्रजिअ गैरेले बताउनुभयो । प्रसारण लाइन निर्माणका लागि आँबुखैरेनी गाउँपालिका–४ को पुरेबैंसीबाट उत्तर, लोप्चाडबाट दक्षिण, सिउँनीबाट उत्तर, वडा नं ४ के काफलडाँडाबाट उत्तर, वडा नं ५ को लाब्दीबाट दक्षिण, वडा नं ५ कै बगाई नजिक, वडा नं ६ को डाँडागाउँबाट उत्तर, सिरानुखोलाबाट दक्षिण, घोरेगाउँबैंसीबाट उत्तर, ज्यामिरे र छापस्वाराबाट दक्षिण, जलभञ्ज्याङ नजिककै को जग्गा अधिग्रहण गरिनेछ ।

बन्दीपुर गाउँपालिका–६ को बनगिया नजिक, कल्लेरीबाट उत्तर, गाम्पाबाट दक्षिण, बासपानीबाट उत्तर, वडा नं ३ को माथिल्लो हलखुम्का नजिकै कुकुर्दीबाट दक्षिण, वडा नं २ को बेलकुनाबाट दक्षिण, धितालडाँडाबाट उत्तर, व्यास नगरपालिका–१४ को आफ्रेडाँडाबाट उत्तर, ढुडेगैराबाट दक्षिण, वडा नं १३ को बेलभञ्ज्याङ, डाँडाचोकबाट दक्षिण, चारघरेबाट उत्तर, थामेडाँडा नजिकै, लामेटारीबाट दक्षिण, बेलचौताराबाट उत्तर, भड्खालाबाट दक्षिणतर्फको जग्गा अधिग्रहण गरिनेछ । ऋषिङ गाउँपालिका–१ को डाँडाखुदी नजिकै बाँभोबाट उत्तर, अङ्गेरीथुम्का नजिकै तल्लो सेटाडबाट उत्तर, वडा नं ६ को धरमपानीबाट उत्तर, ज्यामिरेखानबाट दक्षिण, वडा नं ७ को देउरीपानीबाट उत्तर, वडा नं ७ को बारी लिकन्दीबाट दक्षिण, वडा नं ८ को नयाँ ऋषिङबाट उत्तर, भिरुवासबाट दक्षिण धारुङबाट उत्तर, वडा नं ८ कै धरुम भञ्ज्याङबाट दक्षिणको जग्गा अधिग्रहण गरिनेछ । घिरिङ गाउँपालिका–८ को मोचाबारीबाट दक्षिण गोर्दी र मचाबारीबाट उत्तर, वडा नं ५ को धाकर्दीबाट दक्षिण, बेलभञ्ज्याङबाट पूर्व साभुङ र मानपुरबाट दक्षिण, वडा नं ३ को खिलाबाट दक्षिण, पोखरीछाप र डाँडाथोकबाट दक्षिण, गैराथोक नजिकै, नेवार हटिया नजिकै, सिलिङचोकबाट दक्षिण, वडा नं २ को फलादीबाट दक्षिण, देउरालीबाट उत्तर, दुमकोटबाट उत्तर, वडा नं १ को चडमराङबाट उत्तरतर्फको जग्गा अधिग्रहण गरिनेछ । परियोजनामार्फत रातमाटेदेखि नयाँ दमौली र नयाँ बुटवलदेखि नयाँ दमौलीसम्म प्रसारण लाइन निर्माण हुनेछ ।

# पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक विश्रामस्थल निर्माणका लागि समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौ

पोखरा महानगरपालिका वडा नं. २० भलाममा पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक दिवा विश्राम स्थल निर्माणको लागि समिति गठन भएको छ ।

बिहीवार सम्पन्न भेलाले यादव गौतमको अध्यक्षतामा ९ सदस्यीय जेष्ठ नागरिक दिवा सेवा तथा खुल्ला व्यायामशाला निर्माण उपभोक्ता समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा रेवान खत्री, सचिवमा सूर्य बास्तोला, सहसचिवमा गणेश केसी, कोषाध्यक्षमा मञ्जु वि.क. रहनुभएको छभने सदस्यहरुमा सुशिल बस्नेत, अन्जना गौतम, नारायणप्रसाद बास्तोला र ऐन कुमारी गुरुङ रहनुभएको छ ।



त्यसैगरी भेलाले भरत बस्नेतको संयोजकत्वमा तीन सदस्यीय अनुगमन समिति समेत गठन गरेको छ । अनुगमन समितिको सदस्यमा शंकर गौतम र अप्सरा वि.क. रहेका छन् भने सल्लाहकारहरुमा भरत गौतम, सरस्वती बास्तोला, शेर बहादुर गौतम, जीवन अधिकारी र कमला क्षेत्री रहनुभएको छ ।

पोखरा महानगरपालिका वडा नं. २० साविक भलाम १ स्थित ठूलोपाटनको पूर्वी भागमा हरिहर पैदल मार्गसँग जोडिएको खुल्ला सार्वजनिक जग्गामा पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक दिवा विश्राम स्थल बन्न लागेको हो ।

# शिक्षा सेवी नारायण सिग्देलको स्मृतिमा छात्रवृत्ति दिन अक्षयकोष स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौ

शिक्षा सेवी स्व. नारायण सिग्देलको स्मृतिमा पोखरा ८ सिमलचौरमा रहेको श्रीराम आधारभुत स्कुलमा छात्रवृत्तिका लागि अक्षयकोषको स्थापना भएको छ ।

स्व. सिग्देलको स्मृतिमा उनको परिवारले अक्षयकोषको स्थापना गरेको हो ।

सिग्देलकी श्रीमती हरीमाया सिग्देल र छोरा डा. यज्ञराज सिग्देलले १ लाख रुपैयाको अक्षय कोष स्थापना गरेका हुन् । सोही विद्यालयका संस्थापक प्रधानध्यापक रहेका स्व. नारायण सिग्देले विद्यालयमा ३० वर्ष सम्म अध्यापन गराएका थिए ।

अक्षयकोषका लागि विद्यालयका प्रधानध्यापक तिर्थराज न्यौपाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुक्ति चालिसे, पोखरा ८ का वडा अध्यक्ष रुद्रनाथ बराल लगाएतलाई हरीमाया सिग्देल र डा.यज्ञराज सिग्देलले १ लाख रुपैयाका चेक हस्तान्तरण गरे ।

१ लाख रुपैयाबाट आएको ब्याजबाट जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने विद्यालयक प्रधानध्यापक न्यौपानेले बताए ।

# फोटोग्राफर शाक्यको 'सीप, सिल्पी र फोटोग्राफी' सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौ

फोटोग्राफर विश्वरत्न शाक्यको 'सीप, सिल्पी र फोटोग्राफी' पुस्तक सार्वजनिक गरिएको छ । फोटोग्राफर सङ्घ गण्डकीको पाँचौं वार्षिकोत्सवका अवसरमा बिहीबार पुस्तकको शिक्षासेवी जर्ज जोनले विमोचन गर्नुभयो । लेखक, साहित्यकार, कलाकार एवं फोटोग्राफर शाक्यको यो ३२औं कृति हो ।

कोभिड–१९ को विषम परिस्थितिमा घरभित्र मात्र रहनुपर्ने बाध्यताबीच रचना तयार गेरे पोखराको फोटोग्राफी र समग्र आफ्नो फोटोग्राफी जीवनयात्रालाई पुस्तकमा समेटिएको लेखक शाक्यले बताउनुभयो । पुस्तकको बिक्रीबाट आउने रु चार लाख बराबरको अक्षयकोष फोटोग्राफर सङ्घ गण्डकीलाई उपलब्ध गराइने उहाँले बताउनुभयो । उक्त अवसरमा फोटोग्राफर सङ्घ गण्डकीले नेचर एण्ड लैण्डस्केप फोटोग्राफी पुरस्कार तथा मिराज राष्ट्रिय वैवाहिक फोटोग्राफी पुरस्कारसमेत वितरण गरेको थियो । १८४औं विश्व फोटोग्राफी दिवसका अवसरमा घोषित नेचर एण्ड लेण्डस्केप फोटो प्रतियोगितामा ५० फोटोग्राफरका एक सय ५० तस्बिर समावेश गरिएका थिए । प्रतियोगितामा संलग्न फोटामध्ये रोहित गिरीको फोटो सर्वोकृष्ट भयो । उहाँले रु १० हजार पुरस्कार प्राप्त गर्नुभयो । अन्य पाँच जना उत्कृष्ट छनोटमा परेकालाई जनही रु दुई हजारबाट सम्मान गरियो ।

यस्तैगरी मिराज राष्ट्रिय वैवाहिक फोटोग्राफी पुरस्कारका लागि प्रतिस्पर्धामा आएका एक सय ५० फोटोग्राफरका एक हजार दुई सय फोटोबाट छ फोटोलाई छनोट गरिएको थियो । प्रतिस्पर्धामा पर्वतका विजय शर्माको फोटो सर्वोत्कृष्ट भइ रु १५ हजार पाँच सय ५५ राशिको पुरस्कार प्रदान गरियो । अन्य पाँच जना उत्कृष्टमा परेकालाई पुरस्कारसहित प्रमाणपत्र र ट्रफीबाट सम्मान गरिएको छ ।

कार्यक्रममा शिक्षाविद् जर्जजोन सरले आफूले २०१७ सालतिर देखेको पोखरा र त्यसैताका पोखराको फोटोग्राफीलाईनजिकबाट नियालेको बताउनुभयो । कार्यक्रममा फोटोग्राफर सङ्घ गण्डकीका अध्यक्ष दुर्गाप्रसाद पौडेल, सचिव तुलसीराम सुवेदी, नेपाल पत्रकार महासङ्घ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठ, फोटोग्राफर सङ्घ गण्डकीका उपाध्यक्ष नारायणबहादुर केसी, नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारीलगायतले फोटोग्राफीको महत्वलगायत विषयमा प्रकाश पार्नुभयो ।

# मुस्ताङमा असोज नलागेसम्म स्याउ टिप्न नपाइने

पोखरापत्र संवाददाता
म्याग्दी, २२ भदौ

स्याउको गुणस्तर र स्वाद कायम राख्न हिमालपारिको जिल्ला मुस्ताङमा असोज १ गतेयता स्याउ टिप्न र बिक्री गर्न नपाइने भएको छ ।

चाँडै स्याउ टिपेर बजारमा पठाउँदा मुस्ताङको स्याउको गुणस्तर र स्वाद नहुने भएकाले भदौसम्म स्याउ नटिपी असोज लागेपछि मात्रै स्याउ टिपेर बजारमा पठाइने मुस्ताङका अन्तरपालिका बैठकमा निर्णय गरिएको छ । सोही निर्णयलाई कार्यान्वयन गर्न बिहीबार घरपखोङ गाउँपालिकाले बजारमा बिक्रीका लागि राखिएको २५ किलो स्याउ जफत गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गौरीप्रसाद आचार्यले जानकारी दिनुभयो ।

गाउँपालिकाले बजार अनुगमन गर्दा जोमसोमस्थित कोसेली हाउसमा बिक्रीका लागि राखेको उक्त स्याउ जफत गरेको अधिकृत आचार्यले बताउनुभयो ।

उहाँका अनुसार गाउँपालिकाले जोमसोम क्षेत्रमा गरेको बजार अनुगमनका क्रममा दुई किलोको तौलमा प्लास्टिकमा प्याक गरिएका १० प्याकेट र एक किलोका पाँच प्याकेट स्याउ नियन्त्रणमा लिइएको हो । स्याउको गुणस्तरलाई कायम राख्दै आफ्नो गुणस्तरीय पहिचान यथावत् राख्ने उद्देश्यले असोज १ गतेपछि मात्र स्याउ टिप्न मुस्ताङका पाँचवटै स्थानीय तहका अध्यक्षहरूले प्रतिबद्धता जनाएका उहाँले बताउनुभयो ।

स्याउको राजधानीका रूपमा परिचित मुस्ताङमा पछिल्ला दिनमा स्याउ खेती फस्टाउँदै गएको र यहाँ इटालीयन उच्च घनत्वको स्याउ खेती विस्तार हुँदै आइहेको कृषि ज्ञान केन्द्र मुस्ताङले जानकारी दिएको छ । कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख प्रकाश बस्ताकोटीका अनुसार मुस्ताङमा रेडडेलिसियस, रोलय डेलिसियस, गोल्डेन डेलिसियस र रिचारेड डेलिसियस जातका स्याउको खेती हुँदै आएको छ । त्यस्तै नयाँ जातका अर्थात् उच्च घनत्वको स्याउ खेतीतर्फ गाला, फुजी, गोल्डेन डेलिसियस, किडरोट, रेड डेलिसियस र जोनाप्रिन्सका बिरुवा लगाइएको छ । मुस्ताङमा उच्च घनत्वका स्याउका एक लाख ६७ हजार बिरुवा लगाइएको जनाइएको छ ।

मुस्ताङको एक हजार दुई सय बढी हेक्टर जमिनमा स्याउ खेती गरिएको शीतोष्ण बागवानी विकास केन्द्र मार्फका पद्यमनाथ आत्रेयले जानकारी दिनुभयो । यहाँ पाउने स्याउ धेरै प्रजातिका छन् । रङ्गका हिसाबले सेतो र रातो स्याउ मुस्ताङमा पाइन्छ ।

विसं २०२३ मा म्याग्दीमा जन्मेर मुस्ताङमा हुर्केका बुद्धिरत्न शेरचनले मुस्ताङमा स्याउ पुर्याएको इतिहास छ । मुस्ताङबाट सुरु भएको स्याउखेती अहिले देशभर फैलिएको छ । मुस्ताङको मार्फा गाउँ स्याउ खेतीका लागि प्रसिद्ध गाउँ हो ।

# दन्त सेवाले बिरामीलाई सजिलो

पोखरापत्र संवाददाता
बागलुङ, २२ भदौ

बलेवास्थित बागलुङ नगर अस्पतालमा अबदेखि नियमित रूपमा दन्त शिविर, नाक, कान, घाँटी, सुरक्षित सुत्केरी सेवा र प्रसूति प्रतीक्षा घरसमेत सञ्चालनमा आउने भएको छ ।

अस्पतालले विभिन्न सङ्घसंस्थाको सहकार्यमा अस्पताललाई बहुसेवा दिने प्रकारको बनाउन लागेको हो । हाल अस्पतालको भवन निर्माणाधीन भए पनि तत्कालीन स्वास्थ्य चौकीकै भवनमा अस्पताल सञ्चालन गरिएको छ । सो अस्पतालमा हाल दुई मेडिकल अधिकृत, एक स्टाफ नर्स, एक हेल्थ असिस्टेन्टसहित नौ स्वास्थ्यकर्मी कार्यरत छन् । उनीहरूले मात्र सबै सेवा प्रवाह गर्न नपुगे भएपछि दाता तथा सहकार्य गर्ने संस्था खोजिएको नगर स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालले बताउनुभयो । पहिलो चरणमा हप्तैपिच्छे दन्त शिविर र प्रसूति प्रतीक्षा घर भने सञ्चालनमा आइसकेको छ । जिभाय नेपालको सहकार्यमा नगर अस्पताल बलेवाले दन्त क्लिनिक अभियान चलाएको हो । ग्रामीण स्वास्थ्य सुधार परियोजना सञ्चालन गरेको भीमापोखरा युवा क्लब र फेयरमेड फाउण्डेसनले सुरक्षित सुत्केरीका लागि प्रतिक्षा घरका लागि आवश्यक सामग्री तथा उपकरण सहयोग गरेको हो ।

एउटा कोठामा दुई गर्भवती र दुई कुरुवा बस्न मिल्ने गरी व्यवस्थापन गरिएको छ । सामग्री र उपकरणपछि सुरक्षित सुत्केरी सेवाको अभियानमा साथ पुगेको अस्पतालका मेडिकल अधिकृत गरिमा खनालले बताउनुभयो । संस्थाले बेबी वार्मर मेसिन दिएकाले जाडो मौसममा पनि सुरक्षित सुत्केरीसहित शिशुको सुरक्षा गर्न सकिने भएको छ ।

त्यस्तै जिभाय नेपालले दन्त ' चियर'सहित उपकरण र सामग्री सहयोग गरेको हो । साथै हरेक साता एक–एक दन्त चिकित्सक आएर यहाँ सेवा दिने व्यवस्थापन गरिएको हो । बिहिवार एक कार्यक्रमका बीच नगर प्रमुख वसन्तकुमार श्रेष्ठले दुवै सेवाको शुभारम्भ गर्नुभयो । श्रेष्ठले उक्त अवसरमा नगर अस्पताललाई क्रमशः विस्तार गर्दै आम नागरिकको विश्वसनीय बनाउने बताउनुभयो । त्यसका लागि पहिलो चरणमा भवन निर्माण सक्ने, त्यसपछि उपकरणहरूको जोहो गर्दै चौबीसै घण्टा सेवा दिने प्रकारको बनाइने बताउनुभयो । “अहिले त सामान्य जस्तो छ, तर केही समयमै सेवा प्रवाह बढाएर नागरिकको स्वास्थ्य सुधारमा पहल गर्छौं”, श्रेष्ठले भन्नुभयो, “सामान्य उपचारका लागि नागरिकले हजारौं लाखौं खर्चने पद्धति अब अन्त्य हुनुपर्छ ।” दैनिक ३५ देखि ५० बिरामीको उपचार भइरहेको नगर अस्पतालमा दाँतको समस्या भएकाहरू पनि धेरै आउने गर्छन् । उनीहरूको सेवाका लागि निभाय नेपालले सहयोग गरेको हो । यो संस्थाले बलेवाका वडा नं १२, १३ र १४ मा विद्यालय तहमा पनि सयौं बालबालिकाको दन्त परीक्षण, निःशुल्क रूपमा दाँत माझ्ने ब्रस र मन्जन वितरण गर्नाका साथै मुख स्वास्थ्यका लागि अभियान चलाइएको छ । मुख स्वास्थ्य परियोजना नै सञ्चालन गरेर स्वास्थ्य क्षेत्रको सुधारमा काम गरिएको कार्यक्रम निर्देशक सरस्वती पुरीले बताउनुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पोखरेली र सुर्खेती स्रष्टाको सम्मिलन

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौ

बिहीबार साँझ पोखरेली र सुर्खेती स्रष्टा एकै मञ्चमा देखापर्नुभयो । न्यूर डेस्थित हिमालयन रिडर्स कर्नरको सभाकक्षमा उहाँहरूले एकापसमा अनुभूतिमात्र साट्नुभएन सिर्जना पनि सुनाउनुभयो ।

सुर्खेतदेखि कवि डा महेन्द्रबहादुर मल्ल, गजलकार धीरेन अनुपम र पहल असीम पोखरा आएको मौका छोपेर नेपाली लेखक सङ्घ गण्डकीले काव्य साँझको चाँजोपाँजो मिलाएको थियो । कार्यक्रममा कवि मल्लको कविता कृति 'भाषाको बकपत्र'माथि चर्चासँगै कविता प्रस्तुत गरिएको थियो । कवयत्री रीता अधिकारीले मल्लको कविता 'सम्झँदै नसम्झनु' र डा ईश्वरमणि अधिकारीले 'श्रेष्ठता' शीर्षकको कविता वाचन गर्नुभएको थियो ।

कवि मल्लले आफ्नै कृतिबाट 'फूल' शीर्षकको कविता वाचन गर्नुभएको थियो । गजलकार धीरेन अनुपम र पहल असीम गजलसहित प्रस्तुत हुनुभएको थियो । पोखरेली गजलकार दीपक समीप र प्राञ्जलले गजल, श्रीराम अधिकारी मुक्तक र रोशन तिमिल्सिनाले कविता सुनाउनुभएको थियो । कवि मल्लले कला र विचारको समिश्रणबाट उत्कृष्ट साहित्य जन्मने धारणा राख्नुभयो । “कला कलाका लागि मात्र नभएर कला समाज र सभ्यताका लागि हुनुपर्छ भन्ने मान्यता म राख्छु”, उहाँले भन्नुभयो, “कला स्वायत्त र स्वतन्त्र विधा त हो तर यसको पनि उपादेयता हुनुपर्छ, नत्र कला मर्छ ।” नेपाली लेखक सङ्घ गण्डकीका अध्यक्ष डा ईश्वरमणि अधिकारीले मल्लका कवितामा सरल अभिव्यक्ति पाइने बताउनुभयो । वैचारिक दृष्टिबाट पनि खारिएका कविताले कृतिको ओज बढेको उहाँको भनाइ थियो । “तुलनात्मकरूपमा कविता केही लामा भए पनि भाव, सौन्दर्य र शिल्पका हिसाबले उहाँका कविता सुन्दर छन्”, अध्यक्ष डा अधिकारीले भन्नुभयो ।

# विद्यालय नाटक महोत्सवको तयारी तिव्र, तालिका सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

पोखरा थिएटरको आयोजनामा हुने विद्यालय नाटक महोत्सवको तयारी तिव्र पारिएको छ । महोत्सवमा मञ्चन हुने नाटकलाई प्रभावकारी बनाउन रिहर्सल भइरहेको छ भने स्टेज र सेट डिजाइनको लागि समेत तिव्रताका साथ काम भइहरको आयोजकको भनाई छ । यहीं भाद्र २७ गतेदेखि सुरु हुने नाटक महोत्सवमा कुल १५ नाटक मञ्चन हुनेछन् ।



महोत्सवमा पोखरा महानगरपालिका भित्रका विद्यालयका १४ नाटक तथा अतिथि नाटकको रुपमा काठमाण्डौंबाट थप एक नाटक हेर्न पाइने पोखरा थिएटरका अध्यक्ष एवं महोत्सव संयोजक परिवर्तनले जनाए । महोत्सवको लागि छनोट भएका नाटकको विवरण सहित मञ्चन मिति आयोजकले सार्वजनिक गरेको छ। जस अनुसार पहिलो दिन भाद्र २७ गते हिल पोइन्ट मा.वि. माटेपानी पोखराको नाटक 'शिलान्यास' मञ्चन हुनेछ। रमेश तिमल्सिनाले निर्देशन गर्ने यो नाटकका लेखक भीमनिधि तिवारी हुन् । भाद्र २८ गते नवदिप बोडिङ स्कुल अम्मरसिंहले तयार 'म..म..म..म..भुत' नाटक हेर्न पाइनेछ। सरुभक्तले लेखेको नाटक दिप्सना विश्वकर्माको निर्देशनमा तयार हुँदैछ। भाद्र २९ गते प्रगति मा.वि.बाटुलेचौरको 'भोला' नाटकको पालो परेको छ । टंक चौलागाईले लेखेको नाटक मिना भण्डारीको निर्देशनमा मञ्चन हुनेछ। भाद्र ३० गते 'कोहि किन बर्बाद होस्' नाटक सोसल पब्लिक स्कुल बुद्धचोकले मञ्चन गर्नेछ। विजय मल्लले लेखेको नाटक धनकाजी श्रेष्ठको निर्देशनमा तयार हुनेछ । भाद्र ३१ गते भानुभक्त आवासिय मा.वि. सिम्पानीको 'अँध्यारामा बाँच्नेहरु' नाटकको पालो परेको छ। मानबहादुर मुखियाले लेखेको नाटक मनोज अधिकारीले निर्देशन गर्नेछन् । असोज ३ गते अतिथि नाटकको पालो परेको छ । काठमाण्डौ प्रज्ञा कुञ्ज स्कुलको नाटक 'खेल्ने बेला खेल्छौं, पढ्ने बेला पढ्छौं' टंक चौलागाईको लेखन निर्देशनमा हेर्न पाइनेछ।

असोज ४ गते गुरुकुल विद्यासदन नयाँबजारको किर्तिपुरको 'युद्धमा' नाटक मञ्चन हुनेछ । हृदयचन्द्र सिंह प्रधानले लेखेको नाटक मिलन श्रेष्ठले निर्देशन गर्दैछन् । असोज ५ गते 'मुना मदन' नाटक माउण्ट अन्नपूर्ण मा.वि. नदिपुरले मञ्चन गर्नेछ । लक्ष्मी प्रसाद देवकोटाले लेखेको खण्डकाव्य सोनिका कार्की खत्रीको नाट्य रुपमान्तरण र निर्देशनमा हेर्न पाइनेछ। असोज ६ गते बाल मन्दिर मा.वि. नदिपुरको 'पाठशाला' नाटकको पालो परेको छ । टंक चौलागाई लेखक रहेको नाटक सुसन पौडेलले निर्देशन गर्दैछन् । असोज ७ गते 'आँधीको मनोरम नृत्य' नाटक भाष्कर मेमोरियल स्कुल फूलबारीले देखाउनेछ । घिमिरे युवराजले लेखेको नाटक रोशनी रामदामले निर्देशन गर्नेछिन् । असोज ८ गते 'हिउँजस्तो गोरी' नाटक सनफ्लावर बोर्डिङ स्कुल अर्चलबोटले मञ्चन गर्नेछ । यो नाटक नाट्य रुपान्तरण दिप्सना विश्वकर्माले गरेकी छन् भने निर्देशन दिलिप देवकोटाले गर्दैछन् ।

असोज ९ गते केफ मा.वि. सिम्पानीको 'कर्मको फल' नाटकको पालो परेको छ । भानुभक्त अविरलले लेखेको नाटक रोहित पौडेलले निर्देशन गर्दैछन् । असोज १० गते 'यति' नाटक हेर्न पाइनेछ । छोरेपाटन मा.वि. छोरेपाटनले सरुभक्तले लेखेको नाटक अनुषा परियारको निर्देशनमा मञ्चन गर्नेछ । असोज ११ गते एस.ओ.एस. हर्मन माइनर स्कुल पोखराको 'बिर्सन नसकिने मान्छे' नाटक हेर्न पाइन्छ । अमृत परियारले निर्देशन गर्ने यो नाटकको लेखक वासु शशी हुन् । महोत्सवको अन्तिम दिन असोज १२ गते कास्की मोडनाइज्ड एकेडेमीको चाउथेको नाटक 'मसान' हेर्न पाइनेछ। अञ्जु दाहालको निर्देशनमा तयार हुने नाटकका लेखक गोपाल प्रसाद रिमाल हुन् । सबै नाटक दिउँसो साढे १ बजे गन्धर्व नाटकघर ग्रैहापाटन पोखरामा मञ्चन हुने आयोजकले जनाएका छन् । महोत्सवको लागि प्रमुख सहकार्य पोखरा प्रज्ञा-प्रतिष्ठान गरेको छ भने गण्डकी प्रज्ञा-प्रतिष्ठान र राइट फर चिल्डेनले सहकार्य गरेका छन् । मिडिया पार्टनरको रुपमा पब्लिक फोर के टेलिभिजनले सघाउनेछ। थिएटरमा भैरहेकागतिविधिकाकारणपछिल्लो समयमा थिएटर प्रति विद्यार्थीको आर्कषण समेत बढ्न थालेको थिएटरका संस्थापक सञ्चालक मध्येका एक दीलप्रसाद गुरुङले जनाए। यसपालीको महोत्सवलाई भव्य बनाउन तयारीलाई समेत तिव्रता दिइएको गुरुङले खुलाए।

पाँचौं संस्करणको विद्यालय नाटक महोत्सव नारा 'शिक्षण विधिको रुपमा विद्यालयमा नाटक' तय गरिएको छ।

# बालमन्दिर मा. वि.क्लष्टर विद्यालय स्तरीय तिजगीत प्रतियोगीता

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

पोखरा महानगरको वडा नं ३ नदीपुरमा अवस्थित गण्डकी प्रदेशकै सर्वोत्कृष्ठ विद्यालय बालमन्दिर मा. वि.नदीपुरमा नेपाल बाल संगठन जिल्ला कार्य समितिको आयोजना र बालमन्दिर माध्यमिक विद्यालयको व्यवस्थापनमा क्लष्टर विद्यालय स्तरीय तिजगीत प्रतियोगीता सञ्चालन भएको थियो । विद्यालयको ५९ औं वार्षिकोत्सव एवं राष्ट्रिय बाल दिवसको पूर्व सन्ध्यामा आयोजित उक्त कार्यक्रममा क्लष्टर समूहका १५ वटा विद्यालयको सहभागिता रहेको थियो । आउदै गरेको हरीतालिका तिजको सन्दर्भ पारेर सोहि भूमिकालाई मध्यनजर गरी आयोजना गरिएको तिजगीत प्रतियोगीताको प्रमुख अतिथि बरिष्ट लोकदोहरी गायक पूरुषोत्तम न्यौपाने रहनु भएको थियो । नेपाल बाल संगठन जिल्ला कार्य समितिका सभापति वामदेव ढुङ्गानाको अध्यक्षतामा सञ्चालीत उक्त कार्यक्रममा ने .वा.सं जिल्ला कार्य समितिका उपाध्यक्ष रामहरी ढुङ्गानाले स्वागत मन्तव्य राख्नु भएको थियो भने क्लष्टर विद्यालयका प्रधानाध्यापकको तर्फवाट महेन्द्र मा.वि च्यालेचौर भलामका प्र अ. वोधराज पौडेलले शुभकामना मन्तव्य राख्नु भएको थियो । प्रमुख अतिथी पुरुषोत्तम न्यौपाने, निर्णायक मण्डलका सदस्यहरु लोकदोहरीका चर्चित व्यक्तित्वहरु राम्जी पौडेल, ज्योती लोहनी र अमर बहादुर धितालले समेत आफ्ना प्रस्तुतीहरु पस्केर कार्यक्रममा रौनकता वढाउनु भएको थियो । नेपाल बाल संगठन जिल्ला कार्य समितिका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु, विद्यालयका शिक्षक कर्मचारी र विद्यार्थीहरु, सहभागि विद्यालयका प्रधानाध्यापक, शिक्षक प्रतिनिधिहरुको उपस्थितिमा सञ्चालिन उक्त प्रतियोगीता कार्यक्रममा उत्कृष्ठ भेषभुषा तर्फ श्री सितलादेवी मा.वि. रानिपौवा, उत्कृष्ट नृत्यमा महेन्द्र मा.वि. भलाम, सान्त्वनामा वाराही मा.वि.मालेपाटन, तृतीयमा भद्रकाली मा.वि. पोखरा १३, द्वितीयमा वालमन्दिर मा.वि नदीपुर र प्रथम पुरस्कार कालिका मा.वि. रामवजारले प्राप्त गरेको थियो। कार्यक्रमलाई बाल मन्दिर मा.वि.का अतिरिक्त कृयाकलाप संयोजक श्री तिलकबहादुर कार्कीले गर्नु भएको थियो । यसैगरी कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सुशील बस्नेतले धन्यवाद ज्ञापन सहित क्लष्टर समूहको पहिलो प्रतियोगीताले क्लष्टर विद्यालय विच सम्वन्धको विस्तार गरेको वताउनु भएको थियो।



# पानी रङको सहरमा कलामा लोभिँदै युवा

**रासस**
पोखरा, २२ भदौं

धेरै पानी पर्ने भएकाले पोखरालाई नेपालको चेरापुन्जीको उपमा दिइन्छ । क्षणभरमा नै पानी पर्ने, घाम लाग्ने, घनघोर पानी क्षणभरमा नै सुक्ने आदि विविधता पोखराको विशिष्टता हो । यही पोखरालाई कलाका क्षेत्रमा पानी रङको सहरका रूपमा पनि चिनिन्छ।

कलाका क्षेत्रमा प्रयोग हुने ऐतिहासिक रङका रूपमा पानी रङ स्थापित छ । कलाको इतिहासमा सबैभन्दा बढी प्रयोग भएको रङ (वाटर कलर) मा विगतमा पोखरामा धेरै कला सिर्जना भएकै कारण पानी रङको सहरका रूपमा पोखरा चिनिएको हो । पानी रङको प्रयोग गरी कला सिर्जना थालेका वरिष्ठ कार्टुनिस्ट दुर्गा बराल 'वात्स्यायन' देखि बुद्धि गुरुङजस्ता व्यक्तित्वले पोखरालाई पानी रङको सहरका रूपमा परिचित गराउन विशिष्ट योगदान पर्‍याएका हुन् । त्यही पानी रङको सहर पोखराले कलाका क्षेत्रमा आफ्नै विशिष्ट मौलिकता सँगाल्दै अघि बढिरहेको छ।

हजुरबुबा पुस्तादेखि नाति पुस्तासम्मका व्यक्ति पोखरामा कला सिर्जनामा लागेका छन् । तनहुँको भीमाद जन्मस्थान भई पोखराको न्यू ग्यालेक्सी स्कुलबाट १२ कक्षा सकेर बसेका एमन गुरुङ यतिखेर कला सिक्दै हुनुहुन्छ। सानैदेखि आफूलाई चित्र कोर्न मन लाग्ने गरेको बताउँने उहाँ अहिले पोखराको चिप्लेढुङ्गास्थित घामपानी मार्केटभित्र रहेको नगेन आर्ट एकेडेमीमा कला सिक्न लाग्नुभएको हो । कलाको एक वर्षे कोर्ष सिक्ने क्रममा छ महिना समय एकेडेमीमा विताइसकेको उल्लेख गँर्दै एमनले आफूले कलामा सम्भावना देखेको बताउनुभयो । "कला सिर्जना मेरो रुचिको विषय हो", उहाँले भन्नुभयो, "राम्रोसँग कला सिकेर यस क्षेत्रमा म केही गर्न चाहन्छु।" कला सिर्जनामा आफूलाई परिवारको पनि साथ र सहयोग रहेको छ भन्दै एमनले अवसर पाएमा धेरै गर्न सकिने विश्वास रहेको जानकारी गराउनुभयो । पोखराकै काजी पोखरीका आयुष गुरुङ पनि १२ कक्षा उत्तीर्ण गरी कला सिक्न एकेडेमी पुग्नुभएको छ । कला सिर्जनाको आफ्नै विशिष्ट महत्व रहेको बताउँदै उहाँले यस क्षेत्रमा केही गरौँ भन्ने भावनाका साथ आफू तालिम लिन आएको बताउनुभयो । "खासगरी म डिजाइनर हो, म डिजाइनमा आर्टको क्रियटीभिटी युज गर्न चाहन्छु", आयुषले भन्नुभयो, "मेरो कलाप्रतिको रुचिमा पारिवारको राम्रै साथ र सहयोग छ।" पछिल्लो समयमा कला क्षेत्रमा युवाको आकर्षण बढिरहेको नगेन आर्ट एकेडेमीका सञ्चालक ज्योति हमालले बताउनुभयो। कला क्षेत्रमा केही जान्ने र सिक्ने चाहना भएका व्यक्तिलाई लक्ष्य गरी एकेडेमी सञ्चालनमा ल्याइएको उल्लेख गर्दै उहाँले एकेडेमी सञ्चालनको एक वर्षे समयावधिमा विभिन्न ७७ युवाले कला सिकेर गएको जानकारी दिनुभयो । एकेडेमीबाट एक हप्तादेखि तीन वर्षसम्मका विभिन्न कोर्षका पठनपाठन गराउने गरिएको छ। पछिल्ला वर्षमा कला सिक्न युवाहरूको आकर्षण बढिरहेको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञ सदस्य नगेन सिंहले बताउनुभयो। कला क्षेत्रको औपचारिक पठनपाठनका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गत ललितकला क्याम्पसमा स्नातकोत्तरसम्मको पढाइ हुने गरेको जानकारी दिँदै उहाँले काठमाडौँकै सिर्जना कलेज, काठमाडौँ विश्वविद्यालयलगायत शैक्षिक संस्थामा पनि नियमितरूपमा पठनपाठन भइरहेको छ भन्नुभयो । कला क्षेत्रमा युवाको आकर्षण बढिरहेका अवस्थामा दिगो शान्ति, पर्यटन र कला क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यका साथ नगेन आर्ट एकेडेमीले पोखरामा एक महिने तेस्रो राष्ट्रिय चित्रकला प्रदर्शनी आयोजना गरेको छ । एकेडेमीकै प्रदर्शनी कक्षमा देशभरका एक सय ४० कलाकारका कला प्रदर्शनीमा राखिएको सञ्चालक ज्योति हमालले जानकारी दिनुभयो। देशका विभिन्न स्थानमा रहेका वरिष्ठ कलाकारदेखि नवोदित युवा कलाकार ५७ जनाले एउटै ब्यानरमा तयार गरेको कला प्रदर्शनीको महत्वपूर्ण आकर्षण बनेको छ।

एकेडेमीको प्रवेशद्वारमा राखिएको उक्त कलाको मूल्य रु डेढ करोड राखिएको छ । बीस मिटर लामो ब्यानरमा रहेको उक्त कला हालसम्म देशभरमा प्रदर्शनीमा राखिएमध्ये सबैभन्दा ठूलो भएको जिकिर गरिएको छ । प्रदर्शनीमा राखिएका कलाको मूल्य रु एक हजारदेखि डेढ करोडसम्म रहेको सञ्चालक हमालले जानकारी दिनुभयो । "समाज एवं राष्ट्रमा अस्थिरता र अराजकता बढिरहेका अवस्थामा हामीले दिगो शान्ति, पर्यटन र कला क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यका साथ प्रदर्शनी राखेका हौँ", उहाँले भन्नुभयो, "पछिल्ला समयमा कला प्रति बढ्दै गएको युवा आकर्षणलाई अझै बढाउनका लागि यस्ता प्रदर्शनीले विशेष महत्व राख्ने हाम्रो विश्वास छ।" कलामा रुचि राख्ने पुरानो पुस्तादेखि नयाँ पुस्ताका व्यक्ति, विद्यालयका शिक्षक तथा विद्यार्थी आदिका लागि प्रदर्शनी बहुउपयोगी बन्ने विश्वास लिइएको सञ्चालक हमालले बताउनुभयो।

# मनाङका मुख्य पर्यटकीय क्षेत्रको अनुगमन

**पोखरापत्र संवाददाता**
मनाङ, २२ भदौं

हिमाली जिल्ला मनाङ आउने पर्यटक मौसम सुरु भएको छ। आन्तरिक तथा बाह्य पर्यटक आउने मौसम सुरु भएसँगै प्रमुख पर्यटकीय क्षेत्रको अनुगमन सुरु गरिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप)को समन्वयमा जिल्ला सुरक्षा समितिले अनुगमन सुरु गरेको हो।

प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले पर्यटक आगमन हुन थालेपछि उहाँहरूको यात्रा सुरक्षित र सहज होस् भन्ने उद्देश्यले अनुगमन गरिएको बताउनुभयो। हिमाली क्षेत्रमा आउँदा लेक लाग्न सक्ने भएकाले पर्यटकले सचेतता अपनाउनुपर्ने उहाँले बताउनुभयो । "विशेष गरी पर्यटक आउँदा बाटो राम्रो बनाउनुपर्छ भन्ने हेतुले अनुगमन गरिएको हो, एक पटक आएका पर्यटकलाई फेरि पनि लोभ्याउने गरी बाटो सुरक्षित बनाउनु आवश्यक छ, बाटो सुरक्षित तवरबाट पार गर्न सहजीकरण गर्न एक्यापलाई आग्रह गरेका छौँ", उहाँले भन्नुभयो, "पर्यटकको स्वास्थ्यमा समस्या आएमा तुरुन्त खबर गर्नका लागि दूरसञ्चार सेवाको सहज पहुँच बनाउन समन्वय गर्नुपर्ने देखिएको छ, यसको प्रवाह सहज बनाउने प्रयासमा छौँ।" तिलिचो ताल क्षेत्रबाट प्राकृतिक दृश्यावलोकनका लागि बस्ने स्थान निर्माण गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो । हिमपात नभएको अवस्थामा ढुङ्गा राखे बस्न सकिन्छ भने हिउँ भएको अवस्थामा बस्ने स्थान निर्माण गरी पर्यटकलाई सहज बनाउने ढङ्गले व्यवस्थापन गर्न एक्यापलाई सुझाव दिएको उहाँले बताउनुभयो । पछिल्लो समय मनाङको थोराङ्ला भञ्ज्याङ, तिलिचो ताल लगायतका महत्वपूर्ण पर्यटकीय स्थलमा आन्तरिक पर्यटकको सङ्ख्या बढेको उहाँको भनाइ छ। "बाटो सहज बनाउनुका साथै टि हाउस व्यवस्थित गर्न एक्याप लागिपरेको छ", अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप) मनाङका प्रमुख ढकबहादुर भुजेलले भन्नुभयो, "हिमाली क्षेत्रमा बाटो देखाउन राखिएका साइनिङ पोल, बोर्ड हावा तथा हिउँले खुइलिने भएकाले कहाँ कस्तो अवस्था छ भन्ने अवलोकन गरेका छौँ, ती बिग्रिएका स्थानमा नयाँ बोर्ड राखेर पर्यटकलाई गन्तव्यमा पुग्न सहज बनाउन लागेका छौँ।"

विशेषगरी यस सिजनमा आन्तरिक पर्यटक बढी आउने उहाँको अनुभव छ । उहाँका अनुसार विदेश पर्यटक 'हाइ अल्टिच्युड'को अभ्यास गरी आउने गर्दछन् । जसले गर्दा उनीहरूमा समस्या कम देखिन्छ तर, स्वदेशी पर्यटकमा लेक लाग्ने समस्या बढी देखिने गरेको प्रमुख भुजेलले बताउनुभयो। योजनाबद्ध तवरबाट यहाँको वातावरणमा घुलमिल हुँदै आउँदा स्वदेशी पर्यटकमा लेक लाग्ने समस्या नहुने उहाँको भनाइ छ। डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले यस जिल्लाका प्रमुख पर्यटकीय गन्तव्य यसै पालिकामा पर्ने हुँदा पर्यटकलाई सहज रूपमा गन्तव्यसम्म पुग्ने वातावरण तयार गरिएको बताउनुभयो । उहाँका अनुसार तिलिचो तालसम्म पुग्ने क्रममा ठाउँठाउँमा सार्वजनिक शौचालय, खानेपानी, फोहरमैला व्यवस्थापनका लागि डम्पिङसाइट निर्माण गरिएको छ । पर्यटकलाई मध्यनजर गरी तिलिचो बेस क्याम्पमा अस्थायी स्वास्थ्य केन्द्र राखिएको अध्यक्ष घलेले बताउनुभयो। त्यस्तै थोराङ्ला भञ्ज्याङतर्फ जाने पर्यटकलाई सहज बनाउन पनि सार्वजनिक शौचालय, खानेपानी, फोहरमैला व्यवस्थापनका लागि डम्पिङसाइट निर्माण गरिएको छ। घुम्ने मौसम सुरु भएसँगै मनाङमा हालसम्म एक सय ४९ बाह्य पर्यटक आगमन भएको एक्यापको तथ्याङ्कमा उल्लेख छ । सन् २०२३ को जनवरीदेखि हालसम्म १० हजार तीन सय ५० बाह्य पर्यटक भित्रिएको एक्यापले जनाएको छ। मनाङमा दुई सिजनमा पर्यटक घुम्न आउने गर्दछन् । हिमाल, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता अवलोकन गर्नुका साथै मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी कोही मुस्ताङ त कोही पोखरा जान अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट पदयात्राको सुरुआत हुन्छ । अन्नपूर्ण पदमार्ग लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच वटा जिल्लामा जोडिएको छ । काठमाडौँदेखि बैंसीसहरसम्म सवारीसाधनमार्फत पर्यटक आउने गर्दछन् भने पदमार्गबाट मनाङका विभिन्न पर्यटकीय स्थानको अवलोकन गर्दै यात्राको सुरुआत गर्दछन्।

# पोखरामा राष्ट्रिय महिला तथा पुरुष भलिबलको तयारी हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

पोखराको लामाचौरमा यही भदौ अन्तिम साता राष्ट्रियस्तरको महिला तथा पुरुष भलिबल प्रतियोगिताको तयारी गरिएको छ।

नव आदर्श सामुदायिक विकास समाज लामाचौर पोखराको आयोजनामा नेपाली नारीहरूको महान् पर्व हरितालिका तीजका अवसर पारेर भदौ ३० देखि असोज १ गतेसम्म राष्ट्रिय महिला तथा पुरुष भलिबल हुन लागेको हो । लामाचौरस्थित इन्द्रराज्यलक्ष्मी माध्यमिक विद्यालयको खेलमैदानमा सञ्चालन हुने प्रतियोगितामा पुरुष तथा महिला दुवैतर्फ पाँच-पाँच टोलीको सहभागिता रहने आयोजकले जनाएको छ । प्रतियोगितामा महिलातर्फ तीन विभागीयसहित पाँच टोली र पुरुषतर्फ दुई विभागीयसहित पाँच टोलीको सहभागिता निश्चित भएको नव आदर्श सामुदायिक विकास समाजका अध्यक्ष स्वागतमानसिंह भण्डारीले जानकारी दिनुभयो। प्रतियोगितामा महिलातर्फ नेपाल पुलिस क्लब, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरीको एपिएफ क्लब, काठमाडौँको न्यू डायमण्ड एकेडेमी र बुटवलको न्यू एभरेष्ट भलिबल क्लब सहभागिता हुनेछन् । यसैगरी पुरुषतर्फ नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बलको एपिएफ क्लब, गण्डकी प्रदेश, मणिमुकुन्द क्लब बुटवल र बागलुङको गलकोट स्पोर्ट्स क्लब सहभागी हुने भएको अध्यक्ष भण्डारीले बताउनुभयो । राष्ट्रिय भलिबल प्रतियोगितामा महिला तथा पुरुषतर्फ उपाधि विजेतालाई रु एक लाख ५० हजार एक सय ११ का दरले नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ । दोस्रो हुने टिमलाई जनही एक लाख एक हजार एक सय ११ र तृतीय हुने टोलीले रु ५० हजार एक सय ११ का साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ।

# माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ भदौं

माछा मार्ने क्रममा आज बिहान स्याङ्जामा करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ।

बिहान २ बजे वालिङ नपा-६ रसखोलास्थित आमडाली बस्ने ३६ वर्षीय यामबहादुर थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी पवलसिंह लामाले बताउनुभयो । प्रहरीले माछा मार्न गएका अन्य चार जनालाई नियन्त्रणमा लिएको छ । पत्राउपर्नेमा वालिङ-६ थापाडाँडा बस्ने ३६ वर्षीय तिलबहादुर थापा क्षेत्री, पाल्पाको रामपुर नपा-१० बस्ने ३७ वर्षका दीपेन्द्र अधिकारी, पर्वतको पैंयु गाउँपालिका घर भई हाल वालिङ-६ स्थित तारादेवी ब्लक उद्योगमा काम गर्ने २० वर्षीय अनिल चौधरी र कञ्चनपुरको बेलौरी नगरपालिका-६ घर भई सोही ब्लक उद्योगमा काम गर्ने ६० वर्षीय बलदेव राना रहेका छन् । प्रहरीले माछा मार्न प्रयोग हुने तार, रड र बाँसका भाटा नियन्त्रणमा लिएको छ । शव परीक्षणका लागि वालिङस्थित गल्फ्रौं प्राथमिक अस्पतालमा राखिएको छ।